नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- २०७५/०७६
च.नं. ५१

फोन :०१–६६३३६२५
फ्याक्स : ०१–६६३३६२५
मिति : २०७५/१२/१०

**विषय : बुढानीलकण्ठ स्कूल र सार्वजनिक प्रकृतिका विद्यालय छात्रवृत्तिका लागि प्रवेश परीक्षा सम्बन्धमा ।**

**श्री शिक्षा विकास तथा समन्वय इकाइ**
**७७ ओटै ।**

प्रस्तुत विषयमा बुढानीलकण्ठ स्कूल र साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरुमा कक्षा ५ मा छात्रवृत्तिमा अध्ययनका लागि मिति २०७५ चैत्र १ गतेको गोरखापत्रमा सूचना प्रकाशन भइसकेकोले उक्त छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि मिति २०७५ साल चैत्र २८ गते बिहान ११:०० बजे सञ्चालन हुने प्रवेश परीक्षा सम्बन्धी सामुदायिक विद्यालयहरुमा सूचना प्रवाह गरिदिनुहुन अनुरोध छ । यस परीक्षाका लागि भर्नुपर्ने फारममा विद्यालयको Flash Code र विद्यार्थीले EMIS भर्दा प्राप्त गरेको नम्बर (Student ID) अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । फारममा विद्यार्थीहरुको विवरण प्रमाणित गर्ने प्रावधान भएकाले सो सम्बन्धमा स्थानीय तहहरुलाई समन्वय र सहजीकरण गरिदिनुहुन अनुरोध छ । साथै तपसिलमा उल्लिखित जिल्लाहरुमा परीक्षा केन्द्र कायम गरी परीक्षा सञ्चालन गर्ने व्यवस्था गरिएकोले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरुले परीक्षा केन्द्र निर्धारण, परीक्षा सञ्चालन लगायतका कार्यहरुमा आवश्यक सहयोग गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

मनुजा बराल
शाखा अधिकृत

तपसिल
**परीक्षा केन्द्रहरु :** ताप्लेजुङ, बिर्तामोड (झापा), हिले (धनकुटा), सोलुखुम्बु (सल्लेरी), लाहान (सिराहा), चन्द्रनिगाहापुर (रौतहट), ढल्केवर (धनुषा), हेटौंडा (मकवानपुर), दोलालघाट (काभ्रेपलाञ्चोक), खुर्कोट (सिन्धुली), बुढानीलकण्ठ स्कूल (काठमाडौं), आबुखैरेनी (तनहुँ), बेसीसहर (लमजुङ), पोखरा (कास्की), बाग्लुङ, बुटवल (रुपन्देही) भालुवाङ (दाङ), श्रीनगर (सल्यान), जाजरकोट, नेपालगञ्ज (बाँके), मान्मा (कालिकोट), गमगढी (मुगु), सिलगडी (डोटी), पाटन (बैतडी), महेन्द्रनगर (कञ्चनपुर) ।

पुनश्च : सम्बन्धित विद्यार्थीले सोही दिन (२०७५ चैत्र २८ गते) परीक्षा अगावै सम्बन्धित केन्द्रमा हार्डकपी फारम बुझाउनुपर्नेछ । साथै फारम शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.doe.gov.np र बुढानीलकण्ठ स्कूलको वेभसाइट www.bnks.edu.np बाट डाउनलोड गर्न सकिनेछ ।



Scanned by CamScanner

छात्रवृत्ति छनौट समिति

(बूढानीलकण्ठ स्कूल, काठमाडौं तथा साझेदारी कार्यक्रम)

# दरखास्त फाराम

शैक्षिक सत्र २०७६ का लागि

| |
|---|
| विद्यार्थीको हाल सालै खिचेको पासपोर्ट साइजको फोटो |

श्री छात्रवृत्ति छनौट समिति,
काठमाडौं ।

छात्रवृत्ति छनौट समितिबाट प्रकाशित सूचना अनुसार बूढानीलकण्ठ स्कूल तथा साझेदारी कार्यक्रम अन्तर्गतका विद्यालयहरुमा कक्षा ५ मा अध्ययनका लागि देहायको विवरण खोली छात्रवृत्ति छनौट परीक्षाका लागि दरखास्त पेस गरेको छु ।

१) विद्यार्थीको नाम, थर (नेपालीमा) : ..........

अङ्ग्रेजीमा विद्यार्थीको पूरा नाम

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | |

(एउटा कोठमामा एउटा अक्षर मात्र लेख्नुहोस् र नाम र थर बिचमा एक कोठा खाली छोड्नुहोस् ।)

२) जन्म मिति : २०........./........./.......... (साल/महिना/गते) छात्र ☐ छात्रा ☐

३) स्थायी ठेगाना : गा.पा./न.पा./उ.पा./म.पा .......... वाड नं. .......... जिल्ला : ..........

४) बाबुको नाम थर : .......... बाबुको पेसा : .......... मोबाइल नं. ..........

५) आमाको नाम थर : .......... आमाको पेसा : .......... मोबाइल नं. ..........

६) बाजेको नाम थर : ..........

७) विद्यार्थीले ३ र ४ कक्षा अध्ययन गरेको विद्यालयको नाम : ..........

८) विद्यालयको ठेगाना : गा.पा./न.पा./उ.पा./ म.पा. .......... वाड नं. .......... जिल्ला : ..........

९) विद्यार्थीले कक्षा ३ उत्तीर्ण गरेको साल .......... शैक्षिक वर्ष २०७५ मा विद्यार्थीले अध्ययन गरेको कक्षा : ..........

१०) तलका समूहमध्ये कुनै विशेष समूहसँग सम्बन्धित भए समूह खुलाउनुहोस् :- (मिल्ने कोठामा √ चिह्न लगाउनुहोस् ।)

(क) मधेसी ☐ (ख) मुस्लिम ☐ (ग) जनजाति ☐ (घ) दलित ☐ (ङ) लोपोन्मुख जाति ☐ (च) वेपत्ता/सहिदको सन्तति ☐

११) बाबुको जागिर भएमा :- पद : .......... कार्यालयको नाम र ठेगाना :.......... तलब स्केल : ..........

१२) आमाको जागिर भएमा : - पद : .......... कार्यालयको नाम र ठेगाना :.......... तलब स्केल : ..........

१३) आमाबाबु दुवै नभएमा अभिभावकको नाम : .......... विद्यार्थीसँगको नाता : ..........

१४) मेरो छोरा/छोरीलाई पढाउन इच्छाएको संस्था (मिल्ने कोठामा √ चिह्न लगाउनुहोस् ।)

बूढानीलकण्ठ स्कूल मात्र ☐ साझेदारी कार्यक्रमका सहभागी विद्यालय मात्र ☐ दुवै ☐

माथि लेखिएको विवरण र पेस गरिएका कागजातहरू सबै ठिक छन् । झुट्टा ठहरे यो फाराम रद्द हुने तथा अध्ययनरत अवस्थामा समेत छात्रवृत्तिबाट हटाउन सकिने व्यवस्था मलाई मन्जुर छ । साथै प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

फाराम भर्ने अभिभावकको

दस्तखत : .......... पूरा नाम : ..........

नागरिकता नम्बर : .......... जारी गरेको जिल्ला ..........

विद्यार्थीसँगको नाता : .......... मिति : ..........

औठाको छाप

| दाँया | बाँया |
|---|---|
| | |

---

<u>सम्बन्धित प्रधानाध्यापकले भर्ने</u>

माथि (१) नं.मा उल्लेखित .......... नाम गरेको विद्यार्थी यस विद्यालयमा .......... सालमा कक्षा .......मा भर्ना भई निरन्तर अध्ययनरत छन् । निज विद्यार्थीले शैक्षिक सत्र .......... मा विद्यालय खुलेको .......... दिन मध्ये .......... दिन विद्यालयमा नियमित उपस्थित हुनुका साथै वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याएर कक्षा .......... उत्तीर्ण गरेका हुन् । विद्यालयको अभिलेख अनुसार निजको Student ID नं. .......... र जन्म मिति २०........./......../......... (साल/महिना/गते) हो । उनी गरिब/जेहन्दार विद्यार्थी भएको हुँदा छात्रवृत्तिको लागि सिफारिस गरिन्छ ।

प्रधानाध्यापकको हस्ताक्षर ..........

प्रधानाध्यापकको पूरा नाम : ..........

विद्यालयको Flash Code : .......... मिति : ..........

विद्यालयको छाप

Scanned by CamScanner

अघिल्लो पानामा प्रधानाध्यापकले उल्लेख गरे बमोजिम निज विद्यार्थी ............................................................ले उक्त विद्यालयमा उक्त कक्षामा अध्ययन गरेको व्यहोरा सिफारिस गर्दछु ।

१. सम्बन्धित गाऊँ/नगर शिक्षा प्रमुख/अधिकृत

पूरा नाम : ........................................................................

हस्ताक्षर : ............................................ मिति : ......................................

२. प्रमाणित गर्ने सम्बन्धित शिक्षा विकास तथा समन्वय ईकाई प्रमुखको

पूरा नाम : ........................................................................

हस्ताक्षर : ............................................ मिति : ..........................

कार्यालयको छाप

---

**उम्मेदवारले परीक्षाकेन्द्रमा परीक्षा सञ्चालन टोली समक्ष पेस गर्नुपर्ने कागजात/समग्रीहरू :**

(१) रीतपूर्वक भरेर तोकिए बमोजिम सिफारिस तथा प्रमाणित गराइएको दरखास्त

(२) विपन्नताको कारण समेत खुलाई सम्बन्धित वडा कार्यालय वा स्थानिय तहले छात्रवृत्तिका लागि प्रदान गरेको सिफारिस पत्र ।

(३) स्थानीय पंजिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(४) विद्यार्थीको संरक्षक बुबा आमा भए निजहरु दुवैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा अन्य व्यक्ति भए आधिकारिक निकायबाट विद्यार्थीसँगको नाता खुलाइएको प्रमाण पत्र र निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(५) आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने व्यक्तिले आफ्नो थर नेपाल सरकारले सार्वजनिक गरेको सूची नपर्ने भएमा सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा सम्बन्धित आधिकारिक निकाय (आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, राष्ट्रिय दलित आयोग वा गृह मन्त्रालय) को सिफारिस पत्र पेस गर्नु पर्ने छ । पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले भने सम्बन्धित वडाकार्यालय वा स्थानिय थहबाट हालसम्म सोही स्थानमा स्थायी बसोवास रहेको र निज विद्यार्थीले स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गरेको भनी खुलाइएको सिफारिस पत्र पेस गर्नु पर्ने छ।

(६) हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको थप एक प्रति फोटो ।

(७) आवेदन दस्तुर रु. १००/- (एक सय मात्र) ।

Scanned by CamScanner

**नेपाल सरकार**
**शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय**
**तथा बूढानीलकण्ठ स्कूल, काठमाडौंको**

## बूढानीलकण्ठ स्कूल तथा साझेदारी कार्यक्रम अन्तर्गतको छात्रवृत्ति परीक्षा सम्बन्धी सूचना

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत बूढानीलकण्ठ स्कूल, काठमाडौं तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरुमा विपन्न समुदायका जेहेन्दार बालबालिकाहरूलाई छात्रवृत्ति कार्यक्रम अन्तर्गत आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा कक्षा ५ देखि अध्ययनका लागि बि.सं २०६५ वा २०६६ सालमा जन्म भई कम्तीमा २ वर्ष अगाडिदेखि स्थानीय सामुदायिक विद्यालयमा नियमितरूपमा अध्ययन गरी शैक्षिक सत्र २०७५ मा कक्षा ४ अध्ययन गरेका छात्र-छात्रामध्ये विभिन्न भौगोलिक क्षेत्र तथा लक्षित समुदाय (लोपोन्मुख/दलित/मुस्लिम/सहिद तथा बेपत्ता परिवार/जनजाति/पिछडिएको क्षेत्र/महिला) समेतको प्रतिनिधित्व हुने गरी खुला प्रतियोगिताबाट छात्रवृत्ति छनौट गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दरखास्त फाराम** देहायको वेवसाइटबाट डाउनलोड गरी रीतपूर्वक भरेर तोकिए बमोजिम सिफारिस तथा प्रमाणित गराई आवश्यक कागजात सहित आफूलाई पायक पर्ने परीक्षाकेन्द्रमा परीक्षा शुरु हुनु अगावै बुझाउनु पर्नेछ ।

**परीक्षा मिति र समय : २०७५ चैत्र २८ गते बिहीबार, बिहान ११:०० बजे**

**परीक्षा केन्द्र :** ताप्लेजुङ्ग, बिर्तामोड (झापा), हिले (धनकुटा), सोलु सल्लेरी, लाहान, ढल्केबर, चन्द्रनिगाहापुर, हेटौंडा, दोलालघाट (काभ्रे), खुर्कोट (सिन्धुली), बूढानीलकण्ठ स्कूल (काठमाडौं), आँबुखैरेनी (तनहुँ), बेसीसहर (लमजुङ्ग), पोखरा, बाग्लुङ्ग, बुटवल, भालुबाङ, श्रीनगर (सल्यान), जाजरकोट, नेपालगञ्ज, मान्म, गमगडी, सिलगडी (डोटी), पाटन (बैतडी) र महेन्द्रनगर

**परीक्षासम्बन्धी विस्तृत जानकारीका लागि www.bnks.edu.np वा www.doe.gov.np वा www.moe.gov.np मा हेर्नुहोला ।**

**(२०७५ चैत्र १ गतेको गोरखापत्र दैनिकमा प्रकाशित)**

Scanned by CamScanner